# नागार्जुन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, २०७३
हरिसिद्धि, सितापाईला, काठमाडौं ।

फोन नं. ०१-४६७१७१७
बागमती प्रदेश, नेपाल ।


प.सं. २०७८/७९
च.नं. १५९२

मिति: २०७८/०६/१९

श्री वडा कार्यालय, (वडा नं. १ देखि १०) सबै,
नागार्जुन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

विषय: अपाङ्गता वर्गीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा) को प.सं. २०७८/७९ च.नं. ५८ मिति २०७८/०६/१८ गतेको प्राप्त पत्रानुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प.सं. २०७८/७९ च.नं. अ.अ.प्र./२०, मिति २०७८/०६/१३ गतेको अपाङ्गता वर्गीकरण सम्बन्धी पत्र यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

(सरेन्द्र थापा मगर)
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ:
श्री महिला तथा बालबालिका शाखा, नागार्जुन नगरपालिका ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक **समावेशीकरण** तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार,
काठमाण्डौ, नेपाल।

पत्रसंख्या: ०७८/७९

सा.स.सा.सु च.नं. ५८

मिति: २०७८।०६।१८

**श्री स्थानीय तह सबै,**

**नागार्जुन नगरपालिका कार्यालय**
**दर्ता नं** १५८४
**दर्ता मिति** २०७८-०६-१९

**विषय: अपाङ्गता वर्गीकरण सम्वन्धमा।**

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पत्र संख्या ०७८/०७९, च.नं.अ अ प्र/२०, मिति २०७८।०६।१३ को अपाङ्गता वर्गीकरण सम्वन्धी पत्र यसैसाथ संलग्न छ। यस सम्वन्धी जानकारी पत्रवाटै गर्नु भई सो बमोजिमको व्यवस्था गर्न गराउन हुन आदेशानुसार अनुरोध छ।

बोधार्थ:
श्री सूचना तथा प्रविधि शाखा: सबै स्थानीय तहलाई परिपत्र गरिदिनुहुन ।

बन्दना कुमारी के.सी.
शाखा अधिकृत

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४, ४२००१६८
४२०००८२, ४२००४१३, ४२००४०:
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
media@mowcsc.gov.np
वेभसाईट : www.mowcsc.gov.np

पत्र संख्या : ०७८/७९
चलानी नं.: अ.अ.पु./२३

मिति:२०७८/०६/१३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

विषय : अपाङ्गता वर्गीकरण हेरफेर सम्बन्धमा ।

प्रस्तुत विषयमा सुर्यगढी गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी नमूना कार्यविधिको संशोधन गरी (क) र (ख) वर्गलाई (क) मा, (ग) वर्गलाई (ख) मा र (घ) वर्गलाई (ग) वर्गमा र (घ) मा विविध व्यवस्था राखी सो गाँउ कार्यपालिकाको बैठकबाट निर्णय गराई मिति २०७८/०३/११ बाट कार्यान्वयनमा रहेको भनी मिति २०७८/०५/२९ को जानाकारी पत्र पठाएको सम्बन्धका यस मन्त्रालयको ध्यानकर्षण भएको छ । अपाङ्गता वर्गीकरण हेरफेर अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३ को उपदफा (१) मा अपाङ्गताको वर्गीकरण अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ भनी व्यवस्था गरेको छ । त्यस्तै उपदफा (२) मा मन्त्रालयले तोकिए बमोजिमको समितिको सिफारिसमा अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्न सक्ने व्यवस्था गरेको छ ।अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ को नियम ३ को उपनियम (१) मा अपाङ्गताको वर्गीकरणमा आवश्यक हेरफेर गर्नका लागि मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समितिको व्यँवस्था गरेको छ ।

(क) मन्त्रालयको सचिवले तोकेको महाशाखा प्रमुख - संयोजक
(ख) प्रतिनिधि, स्वास्थ्य सेवा विभाग - सदस्य
(ग) मन्त्रालयले तोकेको एक जना विशेषज्ञ - सदस्य
(घ) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल - सदस्य
(ङ) अध्यक्ष, राष्ट्रिय बहिरा महासंघ - सदस्य
(च) अध्यक्ष, बौद्धिक अपाङ्ग अभिभावक महासंघ - सदस्य
(छ) मन्त्रालयको अपाङ्गता सम्बन्धी विषय हेर्ने शाखाको प्रमुख - सदस्य-सचिव

उक्त समितले अन्तरार्ष्टिय मापदण्ड तथा अभ्यास समेतको आधारमा अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्नको लागि मन्त्रालयमा सिफारिस गर्ने सक्ने व्यवस्था गरेको छ ।अतः उक्त ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम अपाङ्गताको वर्गीकरणमा हेरफेर गर्ने सम्बन्धमा अपाङ्गताको वर्गिकरण गर्ने विषय उक्त समितिको सिफारिसमा मन्त्रालयले गर्न सक्ने कानूनी व्यवस्था भएको हुदाँ सुर्यगढी गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण नमूना कार्यविधिको संशोधन संघीय कानूनसँग बाझिएको देखिन्छ। यसैले स्थानीय तहबाट निमार्ण गरिने कानून संघीय कानूनसँग नबाझिने गरी तर्जुमा गरी कार्यान्यनमा एकरुपता ल्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहलाई परिपत्र गर्न यस मन्त्रालयबाट मिति २०७८/०६/११ मा सचिवस्तरीय निर्णय भएकोले आवश्यक कार्यार्थ तहाँ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

इन्दिरा थापा
शाखा अधिकृत